बैठक नं. १०८

आज मिति २०८२ कार्तिक महिनाको ०२ गते नेपाल सम्वत ११४५ कौलागा त्रयोदशी आइतबारको दिन विहान ०८: ०० बजे पालुङटार नगरपालिका नगरपालिकाका नगर प्रमुख श्री विवस चिन्तन ज्यूको अध्यक्षतामा बसेको कार्यपालिकाको बैठकमा निम्न व्यक्तिहरुको उपस्थितमा निम्न निर्णय भई सम्पन्न भयो ।

| क.स. | नाम थर | पद | वडा नं. | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | विवस चिन्तन | नगर प्रमुख | पालुङटार ४ गोरखा | |
| २ | वन्दना पाण्डे | नगर उप- प्रमुख | पालुङटार ६ गोरखा | |
| ३ | कृष्ण बहादुर परियार | वडा अध्यक्ष | पालुङटार १ गोरखा | |
| ४ | कृष्ण बहादुर थापा मगर | वडा अध्यक्ष | पालुङटार २ गोरखा | |
| ५ | रबिन्द्र अधिकारी | वडा अध्यक्ष | पालुङटार ३ गोरखा | |
| ६ | मान बहादुर पौडेल | वडा अध्यक्ष | पालुङटार ४ गोरखा | |
| ७ | दीपक पाण्डे | वडा अध्यक्ष | पालुङटार ५ गोरखा | |
| ८ | चेत बहादुर गुरुङ | वडा अध्यक्ष | पालुङटार ६ गोरखा | |
| ९ | अर्जुन बहादुर कुमाल | वडा अध्यक्ष | पालुङटार ७ गोरखा | |
| १० | होप बहादुर नेपाली | वडा अध्यक्ष | पालुङटार ८ गोरखा | |
| ११ | भेजराज पाण्डे | वडा अध्यक्ष | पालुङटार ९ गोरखा | |
| १२ | रिखिराज धौराली | वडा अध्यक्ष | पालुङटार १० गोरखा | |
| १३ | मनिका अधिकारी लिम्बु | कार्यपालिका सदस्य | पलुङटार २ गोरखा | |
| १४ | पार्वती नेपाली | कार्यपालिका सदस्य | पालुङटार २ गोरखा | |

Scanned with CamScanner

| | | | | |
|---|---|---|---|---|
| १५ | मिना सुनार | कार्यपालिका सदस्य | पालुङटार ४ गोरखा | |
| १६ | हर्क बहादुर नेपाली | कार्यपालिका सदस्य | पालुङटार ५ गोरखा | |
| १७ | पम्फा वि.क. सुनार | कार्यपालिका सदस्य | पालुङटार ७ गोरखा | |
| १८ | अर्जुन वि.क. | कार्यपालिका सदस्य | पालुङटार ८ गोरखा | |
| १९ | मिन माया लामा | कार्यपालिका सदस्य | पालुङटार ९ गोरखा | |
| २० | देवि माया योगी | कार्यपालिका सदस्य | पालुङटार १० गोरखा | |
| २१ | शेर बहादुर बि.सी | सदस्य सचिव | | |

**कर्मचारीहरु**

| | | | | |
|---|---|---|---|---|
| १ | रामजनम चौधरी | | | |
| २ | राम चन्द्र पण्डित | | पा.न.पा.-०५ | |

Scanned with CamScanner

# पालुङ्टार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## पालुङ्टार, गोरखा
### गण्डकी प्रदेश, नेपाल

पालुङटार नगरपालिका, नगर कार्यपालिकाको बैठकको निर्णयहरु

बैठक नं- १०८

मितिः २०८२-०७-०२

| विषयगत क्षेत्र | प्रस्ताव | निर्णय |
|---|---|---|
| सुशासन तथा संस्थागत विकास | अघिल्लो कार्यपालिका बैठकको समिक्षा सम्वन्धमा । | यस नगरपालिका नगर कार्यपालिकाको १०७ औं बैठकमा छलफल भई भएको निर्णयहरुको कार्यान्वियन सम्वन्धमा छलफल भयो । साथै सो बैठक देखि हाल सम्म नगरपालिका/ वडा कार्यालयबाट भएको कार्यहरुको समिक्षा गरियो । |
| सुशासन तथा संस्थागत विकास | सार्वजनिक जग्गा संरक्षण समिति गठन सम्वन्धमा । | स्थानीय सरकार संचालन ऐन, २०७४को दफा ११ २ छ ले स्थानीय सरकारलाई सार्वजनिक ऐलानी र पर्ती जग्गाको संरक्षण र सुरक्षा गर्ने जिम्मेवारी प्रद्धान गरेकोले सो कार्य गर्न तपसिल अनुसारको नगर स्तरीय सार्वजनिक जग्गा संरक्षण समिति गठन गर्ने निर्णय गरियो ।<br>अध्यक्षः नगर प्रमुख<br>सदस्यः नगर उप प्रमुख<br>सदस्यः १० वटै वडा अध्यक्ष<br>सदस्यः मोनिका अधिकारी लिम्बु ।<br>सदस्यः मिन माया लामा<br>सदस्यः पम्फा सुनार<br>सदस्य सचिवः प्रमुख प्रशासकीय अधिकृत |
| सुशासन तथा संस्थागत विकास | सार्वजनिक जग्गा संरक्षण तथा उपयोग सम्वन्धमा ऐन निर्माणका लागि सैद्धान्तिक सहमती सम्वन्धमा । | स्थानीय सरकारको अधिकार क्षेत्र भित्र पर्ने सार्वजनिक जग्गा संरक्षणका  लागि स्थानीय कानुन आवश्यकता पर्ने हुदाँ आउदो हिंउदे नगरसभामा पेश गर्ने गरि सार्वजनिक जग्था संरक्षण तथा उपयोग सम्वन्धी ऐनको मस्यौदा तयार पार्न विधायन समितिलाई जिम्मा दिने निर्णय गरियो । |
| आर्थिक विकास क्षेत्र | तिन पाङ्ग्र सवारी साधान संचालन सम्वन्धमा । | नगर यातयातलाई सहज र सुलभ बनाउनका लागि तयार पारिएको तिन पाङ्गे सवारी साधन संचालन कार्यविधि बमोजिम सूचना प्रकाशन गरि सवारी साधान |

शेर बहादुर वि.सी
प्रमुख प्रशासकीय अधिकृत

रितस चिन्तन
नगर प्रमुख

Scanned with CamScanner

| | | |
|---|---|---|
| | | संचालनका लागि बाँकी कार्य अघि बढाउने निर्णय गरियो । |
| सुशासन तथा संस्थागत विकास | नगर प्रमुख र प्रशासकीय अधिकृत विच कार्य सम्पादन करार सम्वन्धमा । | प्रमुख प्रशासकीय अधिकृतको कार्य सम्पादनलाई थप उत्तरदाही, जवाफदेहिता, लक्ष्य उन्मुख कार्यप्रणाली, प्रशासनिक पारदर्शिता र दक्षता निर्माण तथा स्थानीय शासनमा सुशासन प्रवर्द्धन गर्ने उद्धेश्यका साथ नगर प्रमुख श्री विवस चिन्तन र प्रमुख प्रशासकीय अधिकृत श्री शेर बहादुर वि.सी विच कार्य सम्पादन करार सम्झौता गर्ने निर्णय गरियो । |
| सुशासन तथा संस्थागत विकास | आ.व २०८२/८३ को आन्तरिक बजेट तथा कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रम कार्यान्वयन कार्यविधि सम्बन्धमा। | पालुङटार नगरपालिकाको आर्थिक बर्ग २०८२/८३ को शिक्षा, युवा तथा खेलकुद शाखाबाट संचालन गर्ने कार्यक्रमहरुको कार्यक्रम कार्यान्वयन कार्यविधि-२०८२ पारित गर्ने निर्णय गरियो । |
| सुशासन तथा संस्थागत विकास | स्वास्थ्य तथा सरसफाई ऐन संशोधनका लागि सैद्धान्तिक सहमति सम्वन्धमा । | स्थानीय सरकार संचालन ऐनद्धारा प्रद्धान गरिएको स्थास्थ्य सम्वन्धी अधिकार क्षेत्रको कार्यान्वयनका लागि आवश्यक पर्ने स्थानीय कानुन /ऐन निर्माणका लागि मस्यौदा निर्माण गर्ने विधायन समितिलाई जिम्मेवारी दिने निर्णय गरियो । |
| पुर्वाधार विकास क्षेत्र | अस्थाई क्रसर स्थापना सम्बन्धमा । | शहरी विकास तथा भवन कार्यालय कास्की र केबि, बिन्ध्यांचल र शिव जे.भी गो.न.पा-१, गोरखा विच Main roads upgrading works at Palungtar Municipality, Gorkha कार्यका लागि सम्झौता भएको र उक्त योजना संचालनका पालुङटार नगरपालिका वडा नं ६ को ढिकुरेबगरमा निवासी श्री राम बहादुर देबकोटा (ना.प्र.न ३७०६) को नाममा दर्ता कायम भएको कि.न. ८५९ र ७७७ को जग्गामा अस्थाई क्रसर स्थापना गर्न निवेदन प्राप्त भएकोमा, सो जे.भीलाई सम्झौता अवधिभरका लागि क्रसर संचालन गर्न आर्थिक ऐन, २०८२ बमोजिम लाग्ने शुल्क तिर्ने गरि अनुमति दिने निर्णय गरियो । |
| सुशासन तथा संस्थागत विकास | बजार अनुगमन निर्देशिका संशोसनका लागि सैद्धान्तिक सहमती सम्बन्धमा । | पालुङटार नगरपालिकामा हाल सम्म कार्यान्वयन भई रहेको बजार अनुगमन निर्देशिकाको केही दफाहरु परिवर्तन गर्नु पर्ने तथा थप/घट गर्नु पर्ने भएकोले सोको अध्ययन गरि संसोधनको प्रस्ताव पेश गर्न विधायन समितिलाई अनुरोध गर्ने निर्णय गरियो । |

शेर बहादुर वि.सी
प्रमुख प्रशासकीय अधिकृत

विवस चिन्तन
नगर प्रमुख

Scanned with CamScanner